गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०४ संख्या:- ०४ मिति:- २०७८/११/२३

भाग – २

# बाल विवाह अन्त्य सम्बन्धी गोसाईकुण्ड गाउँपालिका स्तरीय रणनीति २०७८

## १. पृष्ठभूमि

नेपालको प्रचलित कानुनमा केटा र केटी दुवैको विवाह गर्ने उमेर कम्तिमा २० वर्ष पुगेको हुनुपर्ने प्रावधान रहेको छ। यदि केटा र केटी दुवैको वा कुनै एकको उमेर २० वर्षभन्दा कम रहेको छ र उनीहरुको विवाह हुँदैछ वा भईसकेको छ भने सो अवस्थालाई बाल विवाह भनिन्छ। विवाह गर्ने वा नगर्ने विषय युवाको नैसर्गिक अधिकार हो। विवाह गर्नु जीवनयापनको मार्ग चित्र निर्धारण पनि हो। मानव अधिकारको दृष्टिकोणले आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने र आफ्नो भविष्यको मार्ग चित्र तय गर्ने प्रत्येक नागरिकको हक अधिकार सुनिश्चित हुनुपर्दछ। यस सन्दर्भमा प्राय : सबै देशले विवाहका लागि न्युनतम उमेर तोकेका हुन्छन्। नेपालमा जारी मुलुकी अपराध संहिता, २०७४ मा विवाहका लागि उपयुक्त उमेर २० वर्ष पूरा भएको हुनुपर्ने भनी तोकिएको छ। नेपालको संविधान २०७२ ले बाल विवाहलाई बाल अधिकार हननको विषयका रुपमा उल्लेख गरी यो दण्डनीय अपराध हो भनी स्वीकार गरेको छ।

बागमती प्रदेश भित्रका स्थानीय तहमा भएका बाल विवाहका घटना तथा तथ्याङ्कले यो प्रदेश पनि बाल विवाह उच्च भएको क्षेत्र देखाउँछ। समाजमा विद्यमान सामाजिक, साँस्कृतिक मूल्य, मान्यता तथा

विगतदेखि चल्दै आएको परम्पराले गर्दा बाल विवाह एक विकराल समस्याका रुपमा रहेको छ । बाल विवाहले समग्र बालबालिकाको सामाजिक, बौद्धिक, शारीरिक तथा संवेगात्मक विकासमा असर पार्नुको साथै प्रजनन स्वास्थ्यमा समेत समस्या थपिएको देखिन्छ । यसले गर्दा विशेष गरी बालिकाहरु थप जोखिममा पर्नुका साथै विभिन्न प्रकारका दुर्व्यवहारमा परेका छन् । यस विषयलाई महत्व दिई बागमती प्रदेशले वि.सं २०७८ को अन्त्यसम्ममा बाल विवाह अन्त्य भएको प्रदेश घोषणा गर्ने उद्घोषका साथ यहाँका सम्पूर्ण स्थानीय तहमा कार्यक्रम तथा बजेट विनियोजन गरेको छ ।

रसुवा जिल्लाको यस गोसाईकुण्ड गाउँपालिका पनि बाल विवाहको समस्याबाट मुक्त छैन । मागी विवाहमा यस प्रकारको समस्या खासै नभए तापनि भागी विवाह र प्रेम विवाहमा भने न्युनतम रुपमा बाल विवाहको अवस्था रहेको देखिन्छ । विद्यालय उमेरका बालबालिका, समुदायका किशोर किशोरी र अभिभावक वर्गमा बाल विवाहबाट हुने जोखिम एवम् समस्याका बारेमा सचेतना नहुनुले बाल विवाहको अवस्था रहेको देखिन्छ । यसका लागि यहाँको समुदाय तथा विद्यालयहरुमा बाल विवाहका असरहरु, कानुनी प्रावधान र बालबालिकाको वैयक्तिक विकासमा यसले पार्ने बाधा व्यवधानहरुबारे सचेत गर्नु आवश्यक देखिन्छ ।

## २. वर्तमान स्थिति :

गोर्साकुण्ड गाउँपालिका यस बागमती प्रदेशको उत्तरमा पर्ने मित्र राष्ट्र चीनको तिब्बत सिमावर्ती हिमाली क्षेत्र हो । साविकको थुमन, टिमुरे, बृद्धिम, लाङटाङ, स्याफ्रू र धुञ्चेसहित ६ वटा गा.वि.स. यस गाउँपालिकाका ६ वटा वडाका रुपमा छन् । यस गाउँपालिकाको क्षेत्रफल ९७८.७७ वर्ग कि.मी. रहेको ५ भने यहाँको कूल जनसंख्या ७१४३ रहेको छ । केही दलित र ब्राह्मण क्षेत्री बाहेक यहाँ ९५% भन्दा बढी आदिवासी तामाङ समुदाय रहेको छ । ९६.९२% साक्षरता दर रहेको यस गाउँपालिकामा १९ विद्यालय र एउटा महाविद्यालय रहेको छ । यहाँका प्रत्येक वडामा स्वास्थ्य चौकी र वडा नं. ६ स्थित धुञ्चेमा जिल्ला अस्पताल रहेको छ । अधिकांश बौद्ध धर्म तथा संस्कृतिको प्रचलनले यहाँको विवाह गर्ने परिपाटीमा खासै रुढिवाद र करकापको स्थिति देखिदैन । त्यसैले कानून बन्देज तथा विभिन्न सचेतनामूलक कार्यक्रमका कारण यस गाउँपालिकामा बाल विवाहको प्रचलन कम रहेको छ । कतिपय बाल विवाहका घटना उजागर हुँदैनन् यद्यापि संघसंस्था र आम सञ्चार माध्यमले यस्ता घटनाहरुलाई प्रकाशमा ल्याउने प्रयत्न गरेका छन् ।

अहिले पनि समाजमा विवाहलाई महिला र पुरुषको दाम्पत्य जीवनभन्दा विवाह बन्धनको रुपमा लिने धार्मिक एवम् साँस्कृतिक मान्यता रहदै आएको छ । विवाहलाई पुरुष र महिलाको पारिवारिक मिलनसँग जोडी सामाजिक मर्यादालाई बढी महत्व दिने परम्परा छ । उमेर नपुग्दै हुने विवाहबाट समाजमा हुन

सक्ने हानी र थप समस्याको बारेमा जानकारीको कमी तथा विवाहलाई सामान्य जीवनशैलीको रुपमा लिने सोचले यदाकदा बाल विवाह गर्ने परम्परा अझै पनि रहेको पाइन्छ । तर यहाँ क्रियाशील संघसंस्था र महिला समूहहरुको प्रयत्नले यसमा कमी हुँदै आएको छ । वर्तमान समयमा फैलिएको सामाजिक सञ्जालको दुरुपयोगले बाल विवाहका फाटफुट घटना देखा परेका छन् । विद्यालयमा गठित वालक्लव, गाउँपालिकाको महिला शाखा, न्यायिक समिति र रेडियो जिङ्गलको निरन्तरताले यस्ता घटनाहरु न्युनिकरण हुँदै गएका छन् ।

**३. गाउँपालिका स्तरीय रणनीतिको औचित्य :**

३.१. बाल विवाह दण्डनीय अपराध भए तापनि यो प्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन । नेपालको संविधान (२०७२) मा बालबालिकाका सम्बन्धमा बाल विवाह, गैरकानुनी मानव ओसारपसार, अपहरण वा बन्धक राख्न नपाइने, धार्मिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको छ । मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ ले पनि बाल विवाहलाई बालबालिका बिरुद्ध हुने हिंसा तथा अपराधको रुपमा लिएको छ ।

३.२. नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रिय सन्धी, सम्झौतामा गरेका प्रतिबद्धता पूरा गर्नका लागि बाल विवाहको अन्त्य गर्नु पर्ने दायित्व रहेको छ ।

३.३. बाल विवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारी निकाय, विकासका साझेदार निकाय, गैर सरकारी संघसंस्था तथा नागरिक समाज एवम् स्वयमे बालबालिकाको अर्थपूर्ण र सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरु बीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

३.४. बाल विवाह अन्त्य गर्ने र बाल विवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित वा अविवाहित बालबालिका, किशार किशारीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै यस गाउँपालिकाको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

३.५. बागमती प्रदेशले “प्रदेश र स्थानीय तहको एउटै सन्देश, बाल विवाह मुक्त हाम्रो प्रदेश” भन्ने नारालाई साकार पार्न स्थानीय तहसँगको सहकार्यमा वि.सं. २०७८ सम्ममा सबै स्थानीय तहलाई

बालमैत्री घोषणा गरिने नीति रहेको हुँदा गोसाइकुण्ड गाउँपालिकाले यसलाई मूर्त रुप दिन आवश्यक रहेको छ ।

**४. गाउँपालिका स्तरीय रणनीतिका सिद्धान्तहरु :**

४.१. **बालबालिकाको सर्वोत्तम हित** : बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरुको सर्वोत्तम हित सुनिश्चित हुने गरी गर्नुपर्छ ।

४.२. **बाल बचाउ र विकास :** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किइ उच्चतम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ ।

४.३ **संरक्षण** : बाल विवाह, मानव बेचबिखन तथा ओसारपसार, बाँधा बनाउने र अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

४.४ **सबै बालबालिकाको सम्मान र सामाजिक न्याय** : गाउँपालिकामा सबै जात, धर्म, वर्ण, लिङ्ग, उमेर। क्षेत्र, सम्प्रदायका बालबालिकाप्रति सम्मान राखी कार्य गर्नुका साथै सामाजिक न्याय सुनिश्चितता हुनु पर्दछ ।

४.५. **बालबालिकाको अर्थपूर्ण सहभागिता :** बालबालिकासँग सम्बन्धित विषयमा निर्णय लिँदा, उनीहरुको हक अधिकारसम्बन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा बालबालिकाको बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्दछ ।

४.६. **समता र समावेशीकरण** : समतामूलक एवम् समावेशीकरणको सोच, पद्धति, दृष्टिकोण र व्यवहारबाट आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका परिवारका, जोखिम अवस्थामा रहेका, न्युनतम सुविधाहरु तथा आधारभुत अधिकारबाट बञ्चित भएका, बाल विवाह, भेदभाव, दुर्व्यवहार, शोषण तथा हिंसाबाट पीडित वा त्यस्तो जोखिममा रहेका बालबालिकाका हक अधिकार सुनिश्चित गर्ने र उनीहरुलाई अधिकतम अवसर उपलब्ध गराउन यो गाउँपालिका क्रियाशील हुनेछ ।

४.७. **बालबालिकाको हक अधिकारका लागि साझा जिम्मेवारी बहन र उत्तरदायित्व :** बालबालिकाको हक अधिकार प्रबर्द्धन गर्नु सबै वयस्क व्यक्ति तथा व्यवसायिक र सरकारी निकाय, संघसंस्था तथा निजी क्षेत्रको साझा जिम्मेवारी र उत्तरदायित्व हो । यसको लागि बागमती प्रदेशको आह्वान बमोजिम यस गाउँपालिकाले “बालबालिकाका लागि मिलेर काम गरौं” भन्ने अभियानलाई अगाडि बढाउनेछ ।

४.८. **बालमैत्री वातावरण प्रबर्द्धन** : परिवार, विद्यालय, सरकारी कार्यालय, संघसंस्था, सार्वजनिक स्थल, विकासका संरचनाहरु, आम सञ्चार माध्यमहरु लगायत सबै क्षेत्रहरुमा भिन्न उमेर, लिङ्ग, अपाङ्गता

भएका बालबालिकालाई मैत्रीपूर्ण हुने वातावरण सिर्जना गर्नका लागि सरकारले निरन्तर पैरवी गर्नेछ।

**५. लक्ष्य :**

वि.सं. २०७८ भित्र यस गाउँपालिकालाई बाल विवाह मुक्त क्षेत्र बनाउने ।

**६. उद्देश्यहरु :**

६.१. बाल विवाह अन्त्यका लागि विद्यमान ऐन र नियमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

६.२. बाल विवाह हुनुका कारणहरु पत्ता लगाई त्यसलाई सम्बोधन गरी बाल विवाहको अन्त्य गर्ने ।

६.३. बाल विवाह रोकथाम, उद्दार र कानुनी कारवाहीका लागि आवश्यक निर्णय गरी उजुरी संयन्त्रको विकास गर्ने ।

६.४. गाउँपालिका अन्तर्गत क्रियाशील साझेदार संस्थाहरुको सहकार्यमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन, कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कन गर्ने ।

**७. रणनीति :**

७.१. बाल विवाहलाई प्रोत्साहन गर्ने सामाजिक-साँस्कृतिक एवं परम्परागत प्रचलनको पहिचान गरी यस बारे निरुत्साहित गर्न अभियानका रुपमा सचेतना कार्यक्रम सञ्चालनमा जोड,

७.२. बालबालिका र किशोर किशोरीको सशक्तिकरण,

७.३. बाल विवाह विरुद्ध समुदायमा बहस चलाउने र चेतना अभिवृद्धिमा जोड,

७.४. बालबालिका र किशोरीहरुका लागि गुणस्तरीय शिक्षामा सुनिश्चितता,

७.५. बालक, किशोर तथा पुरुषहरुको सहभागिता अभिवृद्धिमा जोड,

७.६. बाल विवाह विरुद्धको कार्यक्रममा परिवार र समुदायको परिचालन,

७.७. सेवा प्रवाहको प्रभावकारीता,

७.८. प्रचलित कानुन र नीति नियमको सुदृढीकरण र कार्यान्वयन ।

**८. गाउँपालिका स्तरीय रणनीति कार्यान्वयन गर्न अपनाइने कार्यदिशा :**

यस गाउँपालिका स्तरीय रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न देहाय बमोजिम कार्यदिशा तय गरिएको छ :

**८.१. बाल विवाहलाई प्रोत्साहन गर्ने सामाजिक-साँस्कृतिक एवं परम्परागत प्रचलनको पहिचान गरी यस बारे निरुत्साहित गर्न अभियानका रुपमा सचेतना :**

८.१.१. यस क्षेत्रका अभिभावक, धार्मिक अगुवा, नागरिक समाज लगायत सरोकारवालालाई बाल विवाहले पार्ने नकारात्मक असर सम्बन्धमा सचेतना अभियान सञ्चालन गर्ने,

८.१.२. यस क्षेत्रको सामाजिक-साँस्कृतिक एवं परम्परागत रुपमा बाल विवाहलाई प्रश्रय दिने प्रचलित हानिकारक प्रथाको पहिचान गरी यसका कारण बालबालिकाहरुलाई अध्ययन छोड्न बाध्य पार्ने अभ्यासहरु बिरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,

८.१.३. बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचहरुमा परिवर्तन ल्याउनका लागि यस बिरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक, साँस्कृतिक संस्थाहरु, धर्म गुरु, लामा, धामी, झाँक्री लगायत सामाजिक अगुवाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

**८.२.बालबालिका र किशोर किशोरीको सशक्तिकरण :**

८.२.१. विद्यार्थी अतिरिक्त क्रियाकलाप, बाल क्लव/लैङ्गिक क्लव, आमा समुह/महिला समुह, जनप्रतिनिधि, राजनीतिक दल तथा सामाजिक अभियन्ताका माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरुबारे अभिमुखिकरण, अन्तर्क्रिया गरी सम्बन्धित बालबालिकाहरुलाई स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने,

८.२.२. दौतरी शिक्षा, अतिरिक्त/सह क्रियाकलाप, विव्यस/शिक्षक बैठक, बाल क्लव तथा सञ्चार माध्यमबाट यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकार बारे सचेत गराइ स्वास्थ्य, शिक्षा, आर्थिक र कानुनी सहयोगमा पहुँच बढाउने,

८.२.३. स्थानीय तहमा कार्यरत सरकारी, गैर सरकारी तथा समुदायमा आधारित संघसंस्थाबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालिका र उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरुको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने,

८.२.४. बाल विवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आबद्ध गरी अभियान सञ्चालन गर्न सक्षम बनाउने ।

८.२.५. प्रत्येक विद्यालय तथा समुदायमा जीवन उपयोगी शिक्षा कार्यक्रम सञ्चालन गर्ने,

**८.३. बाल विवाह विरुद्ध समुदायमा बहस चलाउने र चेतना अभिवृद्धिमा जोड :**

८.३.१. गाउँपालिका अन्तर्गत वडा र समुदायमा बाल विवाह अन्त्यसम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम आयोजना गर्ने,

८.३.२. बाल विवाहले पार्ने नकारात्मक असरसम्बन्धी विभिन्न ब्रोसर, पम्प्लेट, IEC Material प्रकाशन गरी प्रचार गर्ने,

८.३.३ गाउँपालिका अन्तर्गत भएका सञ्चारका विद्युतीय माध्यमबाट बाल विवाह विरुद्ध सूचना सम्प्रेषण गर्ने,

८.३.४. गाउँपालिकामा सञ्चालन हुने सबै कार्यक्रममा बाल विवाह अन्त्यसम्बन्धी विषयलाई संलग्न गरी अघि बढ्ने,

८.३.५. बाल विवाहबाट सिर्जित लैङ्गिक हिंसा, घरेलु झैझगडा, सम्बन्ध विच्छेद र दाइजो प्रथा विरुद्ध कानुनी सचेतना अभिवृद्धि गर्ने,

**८.४. बालबालिका र किशोरीहरुका लागि गुणस्तरीय शिक्षामा सुनिश्चितता :**

८.४.१. विद्यालय शिक्षामा बालमैत्री र गुणस्तरीय शिक्षामा जोड दिने,

८.४.२ विद्यालय तहको स्थानीय पाठ्यक्रममा बाल अधिकार तथा बाल विवाहका नकारात्मक असरका विषयवस्तु समावेश गरी कार्यान्वयन गर्ने गराउने,

८.४.३ विद्यालय बाहिरका विवाहित र अविवाहित तथा अवसर विहीन, विपन्न परिवारका बालिकाहरुलाई आवश्यकतामा आधारित सुविधाहरु (छात्रवृत्ति, पोशाक, सिकाइ सामग्री, छात्रवास) प्रदान गरी उनीहरुलाई विद्यालय जान र निरन्तर हुन प्रोत्साहन गर्ने,

८.४.४. विद्यालय भर्ना, बाल क्लव, अतिरिक्त तथा खेलकूद क्रियाकलापमा बालिकाहरुको समान सहभागिताको सुनिश्चित गर्ने,

८.४.५. भविष्यमा जीवन वृत्तिका लागि आवश्यक, पेसा, व्यवसाय र उद्यमशीलतासँग सम्बन्धित सूचना तथा जानकारीमा बाल बालिकाहरुको पहुँच सुनिश्चित गर्ने,

८.४.६. विद्यालयमा बालमैत्री वातावरण र सोको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहीता सुनिश्चित गर्न शिक्षक, कर्मचारी र व्यवस्थापन समितिका पदाधिकारीहरुलाई तालिम प्रदान गर्ने,

८.४.७. विद्यालयमा महिला शिक्षकको समुचित व्यवस्था तथा विद्यालय व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

८.४.८. बालिकाहरुलाई बीचैमा अध्ययन छोड्न बाध्य पार्ने परम्पारगत हानिकारक अभ्यासहरुको विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,

८.४.९. छात्रा र महिला शिक्षक दुवैका लागि विद्यालयको वातावरण एवं भौतिक पूर्वाधार सुरक्षित, सफा र लैङ्गिक मैत्री भएको सुनिश्चित गर्ने,

८.४.१०. बाल विवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरु पहिचान गरी विद्यालयमा मनोसामाजिक विमर्श सेवा सुनिश्चित गर्ने,

८.४.११. विद्यालय उमेरका विवाहित बालिकाहरु पहिचान गरी उनीहरुलाई विद्यालय शिक्षा निरन्तरताका लागि आवश्यकतानुसार बैकल्पिक अध्ययनको अवसर दिई औपचारिक शिक्षामा सम्मिलित गराउने,

८.४.१२. विद्यालय शिक्षामा लैङ्गिक समता, विभेदरहित, वृहत यौनिकता र बाल अधिकारका विषय समावेश भएको सुनिश्चित गर्ने,

८.४.१३. विद्यालयलाई लैङ्गिक मैत्री बनाउन शिक्षासँग सम्बन्धित निकाय र समूहको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने,

८.४.१४. बालबालिकाहरुलाई यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सूचना तथा सेवा बारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्थाहरु परिचालन गर्ने,

८.४.१५. विद्यालयमा सुझाव वा गुनासो पेटिकाको व्यवस्था गरी बालबालिकाका गुनासो सुनुवाई गर्ने पद्धतिको प्रबन्ध गर्ने ।

**८.५. बालक, किशोर तथा पुरुषहरुको सहभागिता अभिवृद्धि गर्ने :**

८.५.१. बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन् स्वास्थ्य तथा बाल विवाहका विषयमा सचेतना अभिवृद्धि गरी बाल विवाह, लैङ्गिक विभेद र पितृसतात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा किशोरहरुको सहभागिता सुनिश्चित गर्ने,

८.५.२. बालक तथा किशोरहरुलाई शिक्षाको माध्यमबाट आय आर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न प्रेरित गर्ने,

८.५.३. बाल विवाह गर्ने गराउने, यसका लागि प्रोत्साहन गर्ने, यसमा सहभागी हुने, यस्ता हानिकारक प्रथा तथा सामाजिक मर्यादा र कानुन विपरित कार्य गर्नेलाई प्रचलित कानुन बमोजिम दण्ड सजाय गरी त्यस्ता कार्यमा निरुत्साहित गर्ने र सामुदायिक जवाफदेहिताको सुनिश्चित गर्ने,

८.५.४. बाल विवाहबाट उत्पन्न दाइजो प्रथाको विरुद्धमा पुरुष तथा बालकहरुमा कानुनी सचेतना अभिवृद्धि गर्नुका साथै लैङ्गिक हिंसा गर्ने र दाइजो लिने दिनेलाई दण्डको व्यवस्था गर्ने ।

**८.६. परिवार र समुदायको परिचालन :**

८.६.१. समुदायमा रहेका अभिभावक समूह, बाल क्लव सञ्जाल, आमा समूह, महिला समूह, उपभोक्ता समूह, किशोरी समूह लगायत सामाजिक अगुवाहरुको सहभागितामा बाल विवाह विरुद्धको अभियान सञ्चालन गर्ने,

८.६.२. सकारात्मक अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको लागि अभिभावक शिक्षा, सचेतना सामग्री तयार गरी सोको आधारमा परिवार तथा समुदायमा कार्यक्रम सञ्चालन गर्ने । अन्तरपुस्ता संवादका माध्यमबाट बाल विवाह निषेध गर्न प्रोत्साहन गर्ने,

८.६.३. सामाजिक सञ्जालहरुमा धार्मिक व्यक्तित्वहरु, लामा, धामी, झाँक्रीको सहभागिता बढाई बाल विवाह विरुद्धमा परिचालन गर्ने,

८.६.४. छोरा र छोरी बीच विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरुलाई निरुत्साहन गरी बाल विवाह विरुद्धका विषयलाई स्थानीय विकास तथा सामाजिक मूल्य, मान्यता, सभ्यताका रुपमा स्वीकार गरी "स्वास्थ्य र सक्षम बालबालिका, बाल विवाह मुक्त गोसाइकुण्ड गाउँपालिका" को अभियान सञ्चालन गर्ने,

८.६.५. गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरुमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै मानव ओसारपसार, लैङ्गिक हिंसा र भेदभाव विरुद्धको सामाजिक वातावरण प्रबर्द्धन र सक्षमता अभिवृद्धि गर्ने,

८.६.६.गाउँपालिका अन्तर्गत रहेका होटल व्यवसाय, व्यापारी, उद्योगीहरुलाई अभिमुखिकरणसहित त्यहाँ कार्यरत बाल मजदुरहरुको अवस्था पहिचान गरी नियमित विद्यालय शिक्षामा प्रोसाहन गर्ने,

८.६.७. बाल विवाह विरुद्ध समाजमा भएका असल अभ्यासहरुलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत् प्रसारण गरी बाल विवाह अन्त्यको अभियानलाई सशक्त बनाउने

**८.७. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने**

८.७.१. बाल विवाहको जोखिममा रहेका विशेष गरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका, विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आय आर्जनका अवसर सुनिश्चित गर्ने,

८.७.२. किशोर किशोरी मैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भ निरोधक साधन, गर्भवती तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौन रोग, एच.आई.भी.लगायत विभिन्न

रोगको रोकथाम र उपचार सम्बन्धी सेवामा विवाहित एवं बाल विवाहको जोखिममा परेका बालबालिकाको पहुँच सुनिश्चित गर्ने,

८.७.३. बाल विवाह, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरुमाथि आउन सक्ने समस्याको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानुनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने,

८.७.४. सेवा प्रदायकहरुको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै गुणस्तरीय सेवा प्रवाहका लागि सम्बन्धित संस्थासँग समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने,

८.७.५. पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्न बालिकालाई जीवनोपयोगी सीप, आय आर्जन सम्बन्धी ज्ञानसीप र निःशुल्क मनोसामाजिक विमर्श एवं कानुनी परामर्श सेवाको सुनिश्चित गर्ने,

८.७.६. बाल विवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने,

८.७.७. स्थानीय स्तरमा क्रियाशील सरकारी तथा गैर सरकारी निकायहरुका कार्यक्रममा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्था सुनिश्चित गर्ने,

८.७.८. गाउँपालिकामा बाल विवाह, सो का असरसम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,

८.७.९. विवाह भैसकेका बालिकाका आवश्यकतालाई सम्बोधन गर्न विशेष कार्यक्रम लागू गर्ने र सो सम्बन्धी तथ्यगत प्रमाण सङ्कलन गरी सफल अभ्यासहरुको प्रबर्द्धन एवं विस्तार गर्ने,

८.७.१०. वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरुको सम्मानजनक जीवनयापनका लागि पारिवारिक तथा सामाजिक वातावरणको सिर्जना गर्ने र आवश्यकता अनुसार कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यवसायिक तालिम, आर्थिक सशक्तीकरणका अवसरहरु प्रदान गरी आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

**८.८. प्रचलित कानुन र नीति नियमको सुदृढिकरण र कार्यान्वयन :**

८.८.१. गाउँपालिकाले बाल विवाह विरुद्ध प्रचलित कानुन, नीति र कार्यक्रमका अतिरिक्त थप नीति, कार्यक्रम तर्जुमासहित आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने,

८.८.२. बाल विवाहसम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक तथा अर्ध न्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरुको क्षमता अभिवृद्धि गर्ने,

८.८.३. अदालत लगायत अन्य न्यायिक तथा अर्ध न्यायिक निकाय र पदाधिकारीहरुलाई बाल विवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहित गर्ने,

८.८.४. विवाहको कानुनी उमेर, सोको उल्लघंन हुने दण्ड, जरीवाना, सजाय तथा बाल विवाह विरुद्ध उपलब्ध हुने कानुनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने,

८.८.५. बाल विवाह विरुद्ध कानुनी उपचार लिन चाहने बालबालिकाले सामना गर्नु परेका कानु नी तथा सामाजिक कठीनाइहरु पहिचान गरी संरक्षणको उचित प्रबन्ध गर्ने,

८.८.६. प्रदेश सरकार, जिल्ला समन्वय समिति, अन्तर स्थानीय तह तथा विकासका साझेदार संस्थाहरुको सहकार्य र समन्वयमा बाल विवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**९. बाल विवाह अन्त्यका लागि सरोकारवाला पक्ष**

**९.१. गोसाइकुण्ड गाउँपालिका**

क) बाल विवाह अन्त्यसम्बन्धी नीति नियम तर्जूका गरी कार्यान्वयनमा ल्याउने

ख) बाल विवाह अन्त्यसम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक बजेटको व्यवस्था गर्ने,

ग) किशोर किशोरीलाई जीवनोपयोगी सीप सम्बन्धी कार्यक्रम आयोजना गर्ने,

घ) सबै जनप्रतिनिधि र सरोकारवालाहरुलाई अभिमुखिकरण गरी बाल विवाह विरुद्ध विद्यालय तथा समुदायमा हुने कार्यक्रममा सक्रिय सहभागिताको सुनिश्चित गर्ने,

ङ) स्थानीय तहबाट सञ्चालन हुने विभिन्न सचेतनामूलक कार्यक्रममा बाल विवाहले पार्ने असरका बारेमा छलफल, अन्तर्क्रिया गर्ने,

च) धार्मिक, साँस्कृतिक क्षेत्रहरुलाई बाल विवाह निषेधित क्षेत्र घोषणा गर्ने,

छ) सबै सरोकारवालाहरुलाई बाल विवाह विरुद्ध प्रतिबद्ध तुल्याउने,

ज) बाल अधिकार तथा बाल विवाह गर्दा गराउँदा हुने असर, बाल विवाह विरुद्धका कानुनी प्रावधान, दण्ड सजायँ सम्बन्धी ब्रोसर, पोष्टर, फ्लेक्स छपाइ गरी प्रचारका लागि वितरण गर्ने,

झ) गाउँपालिका क्षेत्रमा बाल विवाह विरुद्धका विषयमा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने,

ञ) गाउँपालिका क्षेत्रमा सञ्चालित बाल विवाह विरुद्धका विभिन्न कार्यक्रमहरुको मासिक समीक्षा गर्ने र सोको प्रगति प्रतिवेदन प्रदेश तथा संघीय मन्त्रालयमा पठाउने व्यवस्था गर्ने,

ट) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखालाई बाल विवाह अन्त्य सम्बन्धी निर्धारित कार्यक्रमहरु तथा सोसम्बन्धमा आवश्यक निर्देशन दिने,

ठ) बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी तथा गैर सरकारी र साझेदार संस्थाहरुसँग समन्वय, सहकार्य गर्ने ।

**९.२. अभिभावक**

क) आफ्ना बालबालिकालाई माया र सम्मानपूर्ण वातावरणमा हुर्काउने,

ख) बालबालिकाको शिक्षामा पूर्ण रुपमा सहयोग गर्ने र उनीहरुलाई नैतिकवान हुन उत्प्रेरित गर्ने,

ग) बाल विवाह विरुद्ध घर परिवारमा छलफल चलाउने साथै आफ्ना छोराछोरीको विवाह २० वर्ष उमेर पुगेपछि गर्न र अरुलाई पनि सो बारेमा बताउने ।

**९.३. बालबालिका, बाल क्लव तथा बाल सञ्जाल**

क) अभिभावकहरुलाई बाल विवाह विरुद्धको सचेतना कार्यक्रममा सकभागी हुन अनुरोध गर्ने,

ख) बाल विवाह विरुद्ध सडक नाटक, र्‍याली, गोष्ठी, वक्तृत्वकला, वादविवाद जस्ता कार्यक्रम सञ्चालन गर्ने,

ग) बाल क्लव, बाल क्लव सञ्जाल तथा सहपाठीहरुबीच बाल विवाह अन्त्य सम्बन्धमा छलफल चलाउने,

घ) बाल क्लव तथा बालक्लव सञ्जालले विद्यालय तथा समुदायमा बाल विवाहले पार्ने नकारात्मक असर बारेमा सञ्चालित जनचेतनामूलक अभियानमा सहभागी हुने गराउने,

ङ) आफ्नो गाउँ, छिमेकमा बाल विवाह हुन लागेको थाहा पाएमा सो रोक्न सम्बन्धित निकायमा खबर गर्ने,

च) आफू बाल विवाह नगर्ने र अरुको पनि बाल विवाह हुन नदिने ।

**९.४. समुदायमा आधारित विभिन्न संस्था तथा गैर सरकारी संस्थाहरु :**

क) बाल क्लव तथा सञ्जाल गठन गरी बाल विवाह अन्त्यका लागि अभियान सञ्चालन गर्न सहजीकरण गर्ने,

ख) अभिभावक, परिवार र समुदायमा बाल विवाह अन्त्यका लागि सचेतनामूलक कार्यक्रमको आयोजना गर्ने,

ग) बाल विवाह रोक्नका लागि गाउँपालिका र प्रहरी चौकीमा जानकारी गराउने र त्यस्तो अभियानमा सघाउने,

घ) बाल विवाह गर्ने गराउनेलाई खबरदारी गर्न बाल विवाह न्युनिकरण समिति गठन गर्ने,

ङ) बालमैत्री शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने,

च) बाल विवाह अन्त्यका लागि गाउँपालिकासँग समन्वय, सहकार्य भएका अन्य कार्यहरु गर्ने ।

**९.५. कर्मचारी र शिक्षक :**

क) बाल विवाह विरुद्धमा सहयोग पुऱ्याउन अतिरिक्त कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने र सहयोग गर्ने,

ख) बाल विवाहले बालबालिकामा पार्ने असरका बारेमा जानकारी गराउने,

ग) बाल विवाहमा आफू सरिक नहुने र अरुलाई पनि सहभागी नहुन अनुरोध गर्ने,

घ) बाल विवाह हुन लागेको थाहा पाउनासाथ कानुनी कारवाहीको दायरामा ल्याउन पहल गर्ने तथा यस बारे सम्बन्धित निकायमा सूचना दिने,

ङ) बालबालिकाका लागि जीवनोपयोगी सीप सम्बन्धी कक्षा सञ्चालन गर्ने, गराउने ।

**९.६. नागरिक समाज :**

क) बाल विवाहका कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन सल्लाह दिने,

ख) समुदायमा बाल विवाह हुन नदिने,

ग) बाल विवाह गराउने परिवारको सदस्यलाई संस्थागत सहभागिता नगराउने,

घ) बाल विवाहको विरुद्ध हुने कार्यक्रममा सहभागी हुने र सहयोग गर्ने ।

**९.७. आमा समुह, बाल संरक्षण समिति सञ्जाल :**

क) घरपरिवार र आमा समूहका प्रत्येक सदस्यलाई बाल विवाहले ल्याउने बेफाइदा बारे चेतना अभिवृद्धि गर्ने,

ख) बालमैत्री स्थानीय शासन र यसका सूचकका बारेमा चेतना अभिवृद्धि गर्ने,

ग) परम्परादेखि प्रचलित सामाजिक मूल्य र मान्यताका साथै संस्कारलाई परिमार्जन गर्न प्रत्येक अभिभावक, महिला समूह, बाल सञ्जालको सहकार्यमा विहेवारी २० वर्ष पारी भनी मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी गाउँ वस्तीमा सचेतना कार्यक्रम गर्ने,

**९.८. धार्मिक गुरु, लामा, झाँक्रीहरु :**

क) विवाहको विषयमा छलफल गर्न आउँदा अभिभावकसँग विवाह गर्ने व्यक्तिको उमेर सोध्ने र बाल विवाह हो भने सो नगर्न अनुरोध गर्ने । नमानेमा गाउँपालिका, प्रहरी, विद्यालय तथा अन्य सरोकार पक्षलाई सूचना दिने,

ख) बाल विवाह हुने कुनै पनि कार्यक्रममा सहभागी नहुने, नगराउने,

ग) धार्मिक स्थललाई बाल विवाह मुक्त स्थान घोषणा गर्ने,

घ) स्थानीय रुपमा हुने मानवीय जमघट, प्रवचन र भेलाहरुमा बाल विवाह नगर्न, नगराउन सचेत गराउने ।

**९.९. प्रहरी प्रशासन :**

क) बाल विवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानुनी दायरामा ल्याउने,

ख) सामुदायिक प्रहरी सेवा समूह गठन गरी जन चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**९.१०. यूवा तथा किशोर किशोरी समूह :**

क) जीवन उपयोगी शिक्षाको छलफलमा सहभागी हुने,

ख) साथीहरुलाई कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्ने र छलफलमा सिकेका कुरा दौतरी तथा परिवारलाई जानकारी गराउने,

ग) आफू पनि बाल विवाह नगर्ने र अरुलाई पनि नगर्न प्रेरित गर्ने,

घ) बाल विवाह अन्त्यका लागि क्रियाशील रहने ।

**९ ११. विद्यालय, स्वास्थ्य संस्था तथा सेवा प्रदायक संस्थाहरु (वन, सहकारी, खानेपानी आदि) :**

क) विद्यालयमा आयोजित अतिरिक्त क्रियाकलापमा बाल विवाहका नकारात्मक असरहरु सम्बन्धी विषय समावेश गर्ने,

ख) बाल विवाहको नकारात्मक असरका बारेमा सचेचना अभिवृद्धि गर्ने गराउने कार्यक्रम आयोजना गर्ने,

ग) बाल विवाह हुन लागेको थाहा भएमा सो रोक्न सल्लाह दिने र यदि रोक्न नमानेमा प्रहरी कार्यालयमा खबर गर्ने ।

**९.१२. सञ्चार माध्यम :**

क) बाल विवाह विरुद्ध समाचार लेख्ने र प्रचारप्रसारमा प्राथमिकता दिने,

ख) गाउँपालिकासँग सहकार्य गरी बाल विवाह विरुद्ध जिङ्गल, IET Material तयार गरी प्रशारण गर्ने ।

ग) बाल विवाहसम्बन्धी कानुनी प्रावधान बारे विज्ञ जनबाट अन्तर्वार्ता, लेख प्रकाशन गर्ने ।

**९.१३. राजनीतिक दल :**

क) बाल विवाह गैर कानुनी हो भन्ने विषयमा कार्यकर्ता तथा सदस्यहरुलाई प्रशिक्षित गर्ने,

ख) केटा वा केटीको उमेर २० वर्ष पुगेपछि मात्र विवाह गर्न सल्लाह दिने,

ग) बाल विवाह विरुद्ध सञ्चालित चेतनामूलक कार्यक्रममा भाग लिने र त्यसप्रति सार्वजनिक प्रतिबद्धता गर्ने,

घ) बाल विवाह न्युनिकरणका लागि बालबालिकासम्बन्धी ऐन २०७५ र अन्य प्रचलित कानून कार्यान्वयन गर्न सहयोग गर्ने,

ङ) चुनावी घोषणा पत्रमा बाल विवाह विरुद्ध आफ्नो पार्टीको स्पष्ट दृष्टिकोण समावेश गर्ने ।

**१०. बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय रणनीति कार्यान्वयनको संस्थागत व्यवस्था :**

१०. १. **बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय निर्देशक समिति :**

| | |
|---|---|
| १) गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३) प्रतिनिधि,सम्बन्धित गा.पा. बाट प्रतिनिधित्व गर्ने जिल्ला समन्वय समितिका सदस्य १ जना | - सदस्य |
| ४) सामाजिक विकास समिति संयोजक | - सदस्य |
| ५) गाउँपालिका अध्यक्षबाट मनोनित गाउँ कार्यपालिकाका महिला सदस्यमध्ये १ जना | - सदस्य |
| ६) गाउँ कार्यपालिकाले छनोट गरेको दलित वा पिछडिएको क्षेत्रबाट प्रतिनिधि रहेको १ जना | - सदस्य |
| ७) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | - सदस्य सचिव |

१०. २. **बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार :**

१०.२.१. बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) रणनीतिको आधारमा बाल विवाह अन्त्य सम्बन्धी गाउँपालिका स्तरीय कार्यान्वयन समितिले पेश गरेको कार्ययोजना आवश्यक संशोधनसहित स्वीकृत गर्ने,

ख) कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्न बाल विवाह अन्त्यसम्बन्धी कार्यान्वयन समितिलाई निर्देशन दिने,

ग) रणनीति कार्ययोजनामा रहेका बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवम् पहल गर्ने,

घ) बाल विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकता अनुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण दिने ।

१०.२.२. समितिको बैठक कम्तिमा चार महिनामा एक पटक बस्नेछ ।

१०.२.३. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

१०.२.४. बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०.३. बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय कार्यक्रम कार्यान्वयन समिति :**

१) प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिकाको कार्यालय, गोसाइकुण्ड गा.पा. - संयोजक

२) प्रतिनिधि, गैर सरकारी संस्था महासंघ, गोसाइकुण्ड गाउँपालिका - सदस्य

३) प्रतिनिधि, नेपाल पत्रकार महासंघ, गोसाइकुण्ड गाउँपालिका - सदस्य

४) वैतनिक अधिवक्ता, जिल्ला अदालत, रसुवा - सदस्य

५) बाल विवाह विरुद्धको क्षेत्रमा क्रियाशील विकास साक्रेदार संस्थाहरुमध्ये गाउँपालिकाले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

६) प्रतिनिधि, प्रहरी कार्यालय स्याफ्रू, गोसाइकुण्ड गाउँपालिका - सदस्य

७) महिला, बालबालिका, तथा जेष्ठ नागरिक शाखा प्रमुख - सदस्य सचिव

**१०.४. बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :**

**१०.४.१. बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) यस रणनीतिका आधारमा कार्ययोजना तयार गरी बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय निर्देशक समितिमा पेश गर्ने,

ख) कार्ययोजनामा भएका बाल विवाह विरुद्धका कार्यक्रमलाई वडा तथा समुदायसम्म सञ्चालन गरी यस विरुद्ध जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने,

ग) बाल विवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको प्रतिवेदन तयार गरी निर्देशक समितिमा पेश गर्ने,

घ) बाल विवाह अन्त्यसम्बन्धी गाउँपालिका स्तरीय निर्देशक समितिले दिएको निर्देशन अनुसार काम गर्ने ।

१०.४.२. समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

१०.२.३. समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

१०.२.४. बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. स्रोत व्यवस्थापन तथा परिचालन :**

गोसाईकुण्ड गाउँपालिकाले यस रणनीतिमा समावेश भएका कार्यदिशालाई कार्यान्वयन गर्न निम्नानुसार स्रोत व्यवस्थापन तथा परिचालन गर्नेछ :

११.१. रणनीति कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारबाट तोकिएको विषयमा प्राप्त सशर्त अनुदानलाई कार्यविधि अनुसार परिचालन गर्ने,

११.२. रणनीति कार्यान्वयनका लागि गाउँपालिकाको वार्षिक बजेटमा नै आवश्यक रकम विनियोजन गर्न अनुरोध गर्ने ।

११.३. रणनीतिको विभिन्न सवाल वा कार्यक्रममा केन्द्रित भई यस गाउँपालिकाभित्र क्रियाशील सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई आफ्नो कार्य क्षेत्र अन्तर्गतका क्रियाकलापहरु स्वयं सञ्चालन गर्न र सो सम्बन्धमा आवश्यक आर्थिक एवं प्राविधिक सहयोग प्रदान गरी सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

११.४. सरोकारवाला निकायहरुलाई बाल विवाह विरुद्ध लाग्न उपयुक्त सहकार्यको वातावरण सिर्जना गरी आवश्यकता बमोजिम स्रोतसहितको सहमति एवम् सम्झौता गरी कार्यक्रम गर्न प्रेरित गरिनेछ ।

**१२. रणनीति कार्यान्वयनको जोखिम :**

यस रणनीति कार्यान्वयनका क्रममा आइपर्ने जोखिम व्यवस्थापनका लागि सरोकारवाला सबैको मानवीय तथा वित्तीय स्रोतको पहिचान गरी क्षमता अभिवृद्धि गरिनेछ । यसका लागि यस गाउँपालिकाले यहाँ क्रियाशील सरोकारवाला सरकारी, गैर सरकारी तथा समुदायमा आधारित संघसंस्थाहरुलाई आवश्यक स्रोतको व्यवस्था मिलाई रणनीति कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

**१३. रणनीतिको प्रचार प्रसार र सुधार :**

बाल विवाह अन्त्यसम्बन्धी प्रस्तुत रणनीति यस गाउँ कार्यपालिकाबाट पारित भए पश्चात् **गाउँपालिका स्तरीय निर्देशक समितिले** सबै वडा र समुदायमा व्यपक प्रचार प्रसार गर्नेछ । आवश्यकतानुसार बाल संरक्षण सम्बन्धी विषयमा ध्यान दिनका लागि विद्यालय, अभिभावक तथा

आमा समूहलाई जानकारी गराइनेछ । यस रणनीति कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता, उपयोगिता सम्बन्धमा स्वतन्त्र रुपमा मूल्याङ्कन गरी आवश्यकता र औचित्यका आधारमा समसामयिक पुनरावलोकन तथा सुधार गरिनेछ ।

**१४. कार्यक्रमका मुख्य मुख्य नाराहरु :**

छोरा र छोरी, दुवै बराबरी ।

बाल अधिकारको संरक्षण, सामाजिक विकासको प्रबर्धन ।

बिहेवारी, वीस वर्ष पारी ।

स्वस्थ्य र सक्षम बालबालिका, बाल विवाह मुक्त गोसाईकुण्ड गाउँपालिका ।

गुणस्तरीय शिक्षा, हामी सबैको सदिच्छा ।

**स्रोत तथा सन्दर्भ सामग्री**

नेपालको संविधान, २०७२

बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२

मुलुकी देवानी संहिता, २०७४

मुलुकी अपराध संहिता, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४

बालबालिकासम्बन्धी ऐन, २०७५

प्रदेश बालिकासम्बन्धी ऐन, २०७६

वाल विवाह अन्त्यसम्बन्धी प्रादेशिक रणनीत, २०७६

प्रदेश नं. ३ को पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) को आधार पत्र

आज्ञाले,

दुतेन्द्र चाम्लिङ

प्रमुख प्रशासकीय अधिकृत